**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख २४ गते**
कोरोना भाइरस परीक्षणका लागि आवश्यक पर्ने किटको अभाव भएपछि कर्णाली प्रदेशमा परीक्षण रोकिएको छ ।
प्रदेश अस्पताल सुर्खेत र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा कोरोना परीक्षणका लागि पिसिआर मेसिन जडान गरिएपनि आवश्यक किटको अभावमा परीक्षण हुन सकेको छैन । प्रदेश सरकारलाई किट खरीद गर्ने अनुमति नहुँदा समस्या उत्पन्न भएको सामाजिक विकास मन्त्री दल रावलले वताउनुभयो ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** लकडाउनका कारण विभिन्न ठाँउमा अलपत्र परेका हुम्लाका १२ सय २३ स्थानीयलाई हवाई र स्थलमार्गबाट उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय हुम्लाका डिएसपी रामप्रसाद घर्तीमगरले जानकारी दिनुभयो ।
कर्णाली प्रदेशको छिमेकी जिल्ला वाँकेको नेपालगञ्जमा कोरोना संक्रमितको संख्या बढेसंगै निजी वायुसेवा कम्पनीले उडान स्थगित गरेपछि सिमकोट गाउँपालिका ७ र ८ का केही व्यक्ति नेपालगञ्ज र सुर्खेतमा अलपत्र परेका छन् । वैशाख २१ गतेदेखि १ सय ५० जना हुम्लीले नेपालगञ्ज विमानस्थल नजिकैको सडकमा धर्ना दिएपनि सुनुवाई भएको छैन । आफ्नो घर जान नपाएपछि कहाँ जाने के खाने अवस्था सिर्जना भएको परेकलाल सिंहले बताउनुभयो ।
जोखिम बढेको भन्दै वैशाख २२ गतेदेखि ७ दिनका लागि कर्णाली प्रदेशका सबै नाका सिल गरिएकोले यस अवधीसम्म अलपत्र परेकालाई उद्धार गर्न नसकिने प्रमुख जिल्ला अधिकारी विनिता भट्टराईले बताउनुभयो ।
यसैगरी हाल काठमाडौंमा बस्दै आउनु भएका सिमकोट ५ का राजु रावतले क्वारेन्टाइनमा बसेकाहरुलाई आर्थिक सहयोग गर्नु भएको छ । रावतले सिमकोट ५ र ६ मा स्थापना गरिएका क्वारेन्टाइनमा बसिरहेका स्थानीयहरुका लागि वैशाख २२ गते १ लाख ६५ हजार रुपैया सहयोग गरेको शिव मन्दिर युवा क्लबका अध्यक्ष भीमबहादुर रोकायाले बताउनुभयो । क्वारेन्टाइनमा आवश्यक पर्ने सरसफाईका सामान तथा खाजा नास्ताका लागि उक्त रकम खर्च गरिने अध्यक्ष रोकायाको भनाई छ । केही दिनअघि नेपालगञ्जबाट उद्धार गरिएका ५० भन्दा बढी व्यक्ति उक्त क्वारेन्टाइनमा बस्दै आउनु भएको छ ।
यस्तै हुम्ला जिल्ला हक्की संघले क्वारेन्टाइनमा बसेका ६९ जनालाई सेनिटाइजर र साबुन सहयोग गरेको छ । सिमकोट ६ स्थित भिमसेन विद्यालय र ५ स्थित मानसरोवर विद्यालयको क्वारेन्टाइनमा राखिएका व्यक्तिलाई वैशाख २२ गते उक्त सामग्री उपलब्ध गराएको संघका अध्यक्ष रामजन रावतले जानकारी दिनुभयो ।
यसैगरी किट अभाव भएपछि हुम्लामा पछिल्लो समय पैदल र हवाई मार्गबाट जिल्ला भित्रिएकाहरुको कोरोना परीक्षण हुन सकेको छैन । जिल्ला स्वास्थ्य सेवा कार्यालयका प्रमुख प्रेमबहादुर सिंहका अनुसार कार्यालयसँग ४ सय किटहरु उपलव्ध भएकोमा सबै किटबाट परीक्षण भैसकेको छ ।
यस्तै अदानचुली गाउँपालिकास्थित छत्रपाल प्राविमा रहेको क्वारेन्टाइनमा बसेका करीब ५० जना बिद्यार्थीहरुले विद्यालयको भत्केको पर्खाल मर्मत गरेका छन् । उनीहरुले सामाजिक दुरी कायम गरी मर्मत कार्य गरेको गाउँपालिकाका अध्यक्ष दल फडेराले बताउनुभयो ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** त्रिवेणी गाउँपालिकामा दोस्रो चरणको राहत वितरण शुरु गरिएको छ । कोरोना भाइरस रोकथामका लागि सरकारले लागू गरेको लकडाउनले समस्यामा परेका परिवारलाई राहत वितरण गरिएको गाउँपालिकाले जनाएको छ ।
पहिलो चरणमा २ सय ५७ परिवारलाई राहत वितरण गरेको र दोस्रो चरणमा ६ सय परिवारलाई राहत वितरण गरिने गाउँपालिकाका अध्यक्ष मानबहादुर डाँगीले जानकारी दिनुभयो ।
यस्तै कुमाख गाउँपालिकाले क्वारेन्टाइनमा बसेका ४ जनाको आरडिटी गरेकोमा सबैको रिर्पोट नेगेटिभ आएको छ । उनीहरुलाई १४ दिनको अवधि पूरा गरी घर पठाइएको गाउँपालिकाका अध्यक्ष दिलमाया बुढामगरले बताउनुभयो ।
यस्तै दार्मा गाउँपालिकाका विभिन्न क्वारेन्टाइनमा बसेका १५ जनाको आरडिटी रिर्पोट नेगेटिभ आएको गाउँपालिकाले जनाएको छ । १४ दिनको अवधि पूरा गरेका तथा रिपोर्ट नेगेटिभ आएका सबैलाई घर पठाइएको गाउँपालिकाका अध्यक्ष निमबहादुर केसीले बताउनुभयो ।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** मुसिकोट नगरपालिकाले ७ सय २१ विपन्न परिवारलाई राहत वितरण गरेको छ । कोराना भाइरस रोकथाम तथा नियन्त्रणका लागि सरकारले जारी गरेको लकडाउनका कारण समस्यामा परेका उनीहरुलाई नगरपालिकाले राहत वितरण गरेको हो ।
१४ वडाका ७ सय २१ घरपरिवारलाई हालसम्म १५ लाख रुपैया बराबरको राहत वितरण गरिसकेको निमित्त प्रमुख प्रशासकीय अधिकृत नरविर खड्काले जानकारी दिनुभयो । नगरपालिकाले वडा कार्यालय मार्फत राहत वितरण गरेको उहाँको भनाई छ ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** लकडाउनका कारण समस्या भोगिरहेका ज्याला मजदुरी गर्ने नारायण नगरपालिका १ नमूना बस्तीका ३६ घर परिवारलाई ४० हजार ९५ रुपैयाँको चामल राहत दिइएको छ ।
सामूदायिक सशक्तिकरण तथा रुपान्तरण (कमिट) नेपालगञ्जले पठाएको ४० हजार र नारायण नगरपालिकाको ९५ रुपैया थपेर नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड दैलेखबाट ९ सय ९० किलो चामल खरीद गरी वितरण गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत छविलाल नेपालीले बताउनुभयो ।
नमूना वस्तीका बादी समूदायले खाद्यान्न अभाव भएको जनाएपछि सहयोग गरेको कमिटका कार्यकारी निर्देशक केशव बादीको भनाई छ ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठका अनुसार** नलगाड नगरपालिकाले चिकित्सक भर्ना गरेको छ । नगरपालिकामा रहेको एक मात्र प्राथमिक स्वास्थ्य केन्द्रमा लामो समय देखि डाक्टर नहुँदा सेवा प्रवाहमा समस्या भएपछि वैशाख १९ गते नगरपालिकाले करारमा चिकित्सक नियुक्त गरेको हो । कोभिड १९ को महामारीविरुद्ध लडिरहेको बेला नगरपालिकाभित्र एक जना पनि चिकित्सक नहुँदा समस्या भएपछि डा. आरके मण्डललाई नियुक्त गरिएको नगरपालिकाका प्रमुख टेकबहादुर रावलले बताउनुभयो ।
डाक्टर नियुक्तीसँगै प्राथमिक स्वास्थ्य केन्द्र दल्लीबाट सामान्य शल्यक्रिया, भिडियो एक्सरे, आईस कम्प्रेसर, भ्यासेक्टोमी लगाएतका स्वास्थ्य सेवा संचालनमा आएको छ । महिलाहरुको पाठेघर खस्ने ( आङ्ग खस्ने), सेतो पानी बग्ने लगायतका सेवा समेत संचालनमा आएको डा. मण्डलको भनाई छ ।

प्राथमिक स्वास्थ्य केन्द्र दल्लीमा कार्यरत दरबन्दीका डाक्टर सञ्जय यादव एक बर्ष देखि अध्ययन विदामा हुनुहुन्छ ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** चन्दननाथ नगरपालिकाको अशोक नमूना प्राविका विपन्न बालबालिकालाई पोषणयुक्त आराहा वितरण गरिएको छ । मानवता फाउण्डेसन क्यानडाको ४० हजार रुपैया सहयोगमा ५० जना विपन्न बालबालिकालाई एक-एक क्यारेट अन्डा, हर्लिक्स, साबुन र बालकथाका किताब उपलब्ध गराइएको हो ।

लकडाउनका कारण खाद्यान्न समस्या भोगेका परिवारका बालबालिकालाई उक्त सामग्री वितरण गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष महेन्द्र कार्कीले बताउनुभयो । यस्तै विद्यार्थीहरुले पढेका कुरा स्मरण गराउन रेडियो खुला आकाशसँगको समन्वयमा रेडियो कार्यक्रम सुनापढी सञ्चालन गरेको प्रधानाध्यापक भगवती श्रेष्ठले जानकारी दिनुभयो ।

यसैगरी तिला गाउँपालिकाले लकडाउनको बेला घरघरमै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराएको छ । दोस्रो चौमासिक निकासा गरेपछि सेवाग्राहीको घरमै पुगेर भत्ता वितरण गर्न वडाध्यक्ष र सचिवलाई खटाएको गाउँपालिकाका अध्यक्ष रतननाथ योगीले बताउनुभयो ।

यस्तै हिमा गाउँपालिकाले पनि ७ वडाभित्रका सेवाग्राहीको घरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरेको प्रमुख प्रशासकीय अधिकृत टोपबहादुर बुढाले बताउनुभयो । तातोपानी गाउँपालिकाले १ देखि ६ वडाका सेवाग्राहीको सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण गरेको छ भने ७ र ८ का स्थानीयको घरमै पुगेर वितरण गरेको गाउँपालिकाका अध्यक्ष नवराज न्यौपानेले बताउनुभयो ।

यसैगरी गुठीचौर गाउँपालिकाले ३ देखि ५ वडाभित्रका स्थानीयलाई बैंकमार्फत र वडा १ र २ का स्थानीयको घरमै पुगेर भत्ता वितरण गरिएको सामाजिक सुरक्षा शाखा प्रमुख गोपीचन्द्र प्याकुरेलले बताउनुभयो ।

यस्तै लकडाउन अवधीमा १० हजार ७ सय ८ जना जुम्ला भित्रिएका छन् भने ३ सय ५६ जना क्वारेन्टाइनमा बसेका छन् । जिल्ला प्रशासन कार्यालयका अनुसार क्वारेन्टाइनमा बसेका ७ सय ४७ जना १४ दिनपछि घर फिर्ता भएका छन् । कार्यालयका अनुसार ५ सय ६ जना होम क्वारेन्टाइनमा बसेका छन् । जिल्लामा २ सय २६ जनाको आरडिटी गरिएको छ । परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएको सहायक प्रमुख जिल्ला अधिकारी ओमप्रकाश देवकोटाले बताउनुभयो ।

यसैगरी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ३ सय ५१ जनाको आरटी पिसिआर परीक्षण गरिएको छ । प्रतिष्ठानले पिसिआर परीक्षणका लागि २२ जनाको स्वाब संकलन गरेको रजिष्ट्रार विश्वराज काफ्लेले बताउनुभयो ।

**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**